# सिंजा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### नराकोट जुम्ला
कर्णाली प्रदेश नेपाल।


पत्र संख्या.:- २०८२/०८३
चलानी नंम्बर:- ८१५

मितिः- २०८२/०८/१५
ने.सं.११४६

**विषयः <u>कोचिङ्ग तथा ट्यूसन कक्षा सञ्चालन सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा यस सिंजा गाउँपालिका भित्र कोचिङ्ग तथा ट्यूसन कक्षा संचालन गर्नुपर्ने भएमा व्यक्ति वा संस्थाहरुले शिक्षा नियमावली २०५९ को नियम १८९(क) मा भएको व्यवस्था बमोजिम अध्यापन गर्ने कक्षा, विषय समेत खुलाई र तपशिलका कागजात संलग्न गरि अनुमतिको लागि सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपूर्वक निवेदन दिई अनुमति लिई सञ्चालन गर्न, प्रचलित नियम बमोजिम योग्यता र अनुभव भएको प्रशिक्षकबाट मात्र कक्षा सञ्चालन गर्न सबै सरोकारवालाहरुलाई सूचित गरिन्छ । साथै अनुमतिविना सञ्चालन गरे वा गरेको पाइएमा जुनसुकै वखत रद्द गर्न सकिने र नियमानुसार कारवाही गरिने व्यहोरा समेत जानकारि गराइन्छ ।

**<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातः</u>**

१. सञ्चालकको नागरिकताको प्रतिलिपि,
२. सञ्चालकको ठेगाना,इमेल र टेलिफोन नम्बर,
३. सबै प्रशिक्षकहरुको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि,
४. प्रशिक्षकले अध्यापन गराउने विषयको विवरण,
५. **रु. ५०,०००।- (पचास हजार)** रुपैयाँ अनुमति लिनु अघि सम्बन्धित सञ्चालक र प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शिक्षा,यूवा तथा खेलकुद शाखाको कर्मचारीको नाममा शाखाले सिफारिस गरेको **बैंकको मुद्दती खातामा धरौटि राख्नु पर्नेछ** ।सो रकम दाखिला गरेको बैंक भौचर पेश गर्नुपर्ने छ ।
६. सामुदायिक विद्यालयमा संचालन गर्नुपर्ने भएमा सोही विद्यालयको वि.व्य.स.को निर्णयको प्रतिलिपि र विद्यालयको अनुमतिपत्र साथमा पेश गर्नुपर्ने छ ।

<u>बोधार्थः</u>
श्री सूचना तथा प्रविधि शाखा Website मा अपलोड गरिदिन हुन ।

शंकर धिताल
नि. प्रमुख प्रशासकीय अधिकृत


www.sinjamun.gov.np ito.sinjamun@gmail.com